नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २२८ २०८१ साल चैत ३० गते शनिबार (12 Apr. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'सङ्घीयतालाई अझै बलियो ... ३ पृष्ठमा : राजस्व अनुसन्धान विभाग ... ३ पृष्ठमा : इजरायली नाकाबन्दीका ...

# आन्तरिक विवादका बीच हुँदैछ एमालेको सप्तरी जिल्ला अधिवेशन

## "अधिवेशनको सम्पूर्ण तयारी पुरा"




**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

नेपाल कम्युनिष्ट पार्टी ( एमाले) सप्तरीको हुन लागेको १० औं जिल्ला अधिवेशनको सम्पूर्ण तयारी पुरा भएको छ ।

नेकपा एमालेले राजविराजस्थित पार्टी कार्यालयमा शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि जिल्ला अधिवेशनको तयारी बारे जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै जिल्ला अध्यक्ष ताराकान्त चौधरीले चैत ३० गते शनिवार हुने उद्घाटन सत्र र चैत ३१ गते आईतवार हुने बन्द सत्रको सम्पूर्ण तयारी पुरा भएको जानकारी दिए ।

उनले केन्द्रिय उपाध्यक्ष रामबहादुर थापाले जिल्ला अधिशनको उद्घाट्न सत्रलाई प्रमुख अतिथिको रुपमा आउने बताए ।

### "१० औं जिल्ला अधिवेशनबाट ५ जना पदाधिकारीसहित १ सय ३५ सदस्यीय जिल्ला कमिटि चयन गरिने छ ।"

१० औं जिल्ला अधिवेशनबाट ५ जना पदाधिकारीसहित १ सय ३५ सदस्यीय जिल्ला कमिटि चयन गरिने उनको भनाई छ ।

अधिवेशनका लागि जिल्लाभरिबाट ३ सय ५२ जना अधिवेशन प्रतिनिधिको सहभागिता रहने जिल्ला सचिव देवनाथ यादवले जानकारी दिए ।

"खुल्लाबाट २ सय २४ जना, महिला ८६ जना र युवा ४२ जनागरि ३ सय ५२ जनाअधिवेश प्रतिनिधिको सहभागिता रहनेछ" सचिव यादवले भने । अधिवेशनलाई भव्य र सभ्य रुपमा सम्पन्न गराउन एक सय स्वंसेवक समेत परिचालन गर्ने व्यवस्था मिलाईएको यादवको भनाई छ ।

पत्रकार सम्मेलनमा पार्टीका केन्द्रिय सदस्य तथा मधेश प्रदेशका गृह तथा संचारमन्त्री राजकुमार लेखि, पोलिटब्युरो सदस्य तथा जिल्ला इन्चार्ज सुमनराज प्याकुरेल, केन्द्रिय सदस्य जितेन्द्र नारायण देव लगायतको उपस्थिति थियो ।

## "प्याकुरेललाई कारवाहीको माग"




**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

नेकपा एमालको जिल्ला अधिवेशन हुन लाग्दा पार्टी भित्र आन्तिरि विवादको सृजना भएको छ । मनपरी ढंगले विधान विपरित अधिवेशन प्रतिनिधि चयन गरिएको भन्दै एमालै भित्रकै अर्को पक्ष अन्तर संघर्षमा उत्रिएका छन् ।

राजविराजमा उनीहरुले पनि शुक्रबार नै पत्रकार सम्मेलनको आयोजना गरेर जिल्ला इन्चार्ज सुमनराज प्याकुरेल र अध्यक्ष ताराकान्त चौधरी विधान प्रक्रिया मिचेर १० औं अधिवेशनबाट पार्टी नै कब्जा गर्ने रणनीति अनुरुप धाँधली गरि अधिवेशन प्रतिनिधि चयन गरेको आरोप लगाएका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै एमालेका केन्द्रिय सदस्य दिवाकर देवकोटाले एक व्यक्तिको अधिनमा पार्टी चलिरहेकोले आफूहरु पार्टीलाई बलियो बनाउन बाध्य भएर अन्तर संघर्षमा उत्रिनु परेको बताए । अहिलेको नेतृत्वकै कारण सप्तरीमा पार्टी कमजोर बन्दै गएको बताउँदै देवकोटाले पार्टी भित्रको बेथिति विसंगती अन्त्यका लागितत्काल अधिवेशन रोकेर आफूहरुले उठाएको माग सम्बोधन गर्न माग गरेका छन् ।

"विधान प्रक्रिया विपरित एक वडाबाट सरुवा गरि अर्को वडाबाट अधिवेशन प्रतिनिधि बनाइएको छ, प्रतिनिधि छनौटमा एकल ढंगले मनपरी गरिएको कारण हामीले त्यसका विरुद्ध पार्टीलाई बलियो बनाउन अन्तर संघर्ष थालेका छौ" देवकोटाले भने ।

केन्द्रिय सदस्य देवकोटाले अधिवेशन प्रतिनिधि चयन गर्दा आफूहरुलाई कुनै जानकारी नदिई एकलौटी गरि जिल्लाका नेतृत्वकर्ताहरुले हैकमवादी चरित्र प्रदर्शन गरेको दोषारोपन गरे । पार्टीका जिम्मेवार पदाधिकारीहरुबाट मनपरी र एकलौटी ढंगले अघि बढ्दा जिल्लामा संगठन दिनानुदिन कमजोर हुँदै गएको भन्दै उनीहरुको कार्यशैली र विधान विपरीत गरिएको प्रतिनिधि छनौट प्रक्रिया सच्याएर मात्र अधिवेशन गर्न माग गरेका छन् ।

यता नेताप्याकुरले पार्टी भित्र कुनै विवाद नरहेको प्रतिक्रिया दिएका छन् भने उनले कुनै साथी असंतुष्ट भए छलफल गरेर अगाडी बढ्न तयार रहेको बताए । "कुनै त्रुटि भएको छ भने त्यसलाई सच्याएर जान सकिन्छ" प्याकुरेलले भने ।

पत्रकार सम्मेलनमा एक प्रेस विज्ञप्ति समेत जारी गर्दै अर्को पक्षले हैकमवादीप्रवृती र अराजक गतिविधि बारे केन्द्रिय नेतृत्वलाई जानकारी गराउने समेत उल्लेख गरेका छन् ।

"जिल्ला अधिवेशनलाई स्थगन गरि पोलिट व्युरो सदस्य सुमनराज प्याकुरेलको चालचलन आरचण शैली अनुसंधान गरी आवश्यक कारवाही लागि जोडदार अपील गर्दछौं" विज्ञप्तिमा भनिएको छ ।

यस बारे शुक्रबार नै असन्तुष्ट पक्षले सामूहिक रुपमा एमाले अध्यक्ष केपी शर्मा ओली र एमाले मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डललाई समेत पत्र पठाउँदै उक्त समस्याहरुको समाधान नभएसम्म आफूलाई जिम्मेवारीबाट मुक्त गरिदिन हुन माग गरेका छन् ।

पत्रमा उक्त मागप्रति वेवास्ता गरिए आगामी दिनमा पार्टी जिवनमा सबैभन्दा अप्रिय र कठोर कदम चाल्न बाध्य हुने भनी समेत उल्लेख गरिएको छ ।

पत्रकार सम्मेलनमा एमालेका केन्द्रिय सदस्य दिवाकर देवकोटा, केन्द्रिय कमिटि सल्लाहकार सचिवालय सदस्य सत्यनारायण मंडल, पूर्व राष्ट्रियसभा उपाध्यक्ष रामपृत पासवान, पूर्व सांसद जगदीश प्रसाद साह, मधेश प्रदेश कमिटि सदस्य पंचदेव खंग, हिरण्य कुमार गुप्ता, क्षेत्र नं. १ का संयोजक शोभित यादव लगायतले पनि अधिवेशन प्रतिनिधि चयनमा धाँधली भएको बताएका थिए ।

यस बारे शुक्रबार नै असन्तुष्ट पक्षले सामूहिक रुपमा एमाले अध्यक्ष केपी शर्मा ओली र एमाले मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डललाई समेत पत्र पठाउँदै उक्त समस्याहरुको समाधान नभएसम्म आफूलाई जिम्मेवारीबाट मुक्त गरिदिन हुन माग  समेत गरेका छन् ।

मागप्रति वेवास्ता गरिए आगामी दिनमा पार्टी जिवनमा सबैभन्दा अप्रिय र कठोर कदम चाल्न बाध्य हुने भनी समेत उल्लेख गरिएको छ ।

**पशु बीमा गरौं, ढुक्क होंऔं ।**

पशुपालन देशको अर्थतन्त्रको मुख्य आधार हो । तर, प्राकृतिक विपत्ती, रोगव्याधी वा दुर्घटनाको कारण पशुको मृत्यु भएमा किसानहरुको आर्थिक हानी हुने गरेको छ। यसलाई ध्यानमा राखी नेपाल सरकारले पशुपालकहरुको सुविधाका लागि पशु बीमा योजना लागु गरेको छ।

घरपालुवा गाई, भैंसी, बाख्रा, भेंडा, सुँगुर, कुखुरा, माछा इत्यादीको बीमा गराई ढुक्क हुनुहोस्। रोग, महामारी वा कुनै भवितव्य दुर्घटनाबाट पशुवस्तुको मृत्यु भएमा बीमा गरेवापत सुविधा प्राप्त गर्न सकिन्छ। ढुक्क भएर व्यवसायिक रूपमा पशुपालन गर्नका लागि बीमा अत्यन्तै लाभदायक हुने भएकोले आजै बीमा गराउनुहोस्। पशु बीमा सम्बन्धी थप जानकारीका लागि नजिकैको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहोस्।

मधेश प्रदेश सरकार

आमसञ्चार प्राधिकरण

# 'सङ्घीयतालाई अझै बलियो बनाउन अन्तर प्रदेश परिषद्लाई व्यवस्थित बनाउँदैछौँ': सञ्चारमन्त्री

**सुशील दर्नाल**
काठमाडौँ, २९ चैत (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ २०७४ सालमा गण्डकीको मुख्यमन्त्री बन्नुभएको थियो। उहाँ अहिले नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव हुनुहुन्छ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा आयोजित 'सङ्घीयताको कसीमा तहगत अन्तरसम्बन्ध' विषयक गोष्ठीमा सङ्घीयता कार्यान्वयन, प्रदेश सरकारको अधिकार र निर्वाचन प्रणालीबारे सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङको धारणा प्रस्तुत गरिएको छ।

सुरुमा काशीराज दाहालको नेतृत्वको प्रशासन सुधार आयागले सात प्रदेश बनाएको थियो। त्यो पनि नेताहरूले भनेअनुसार हतारहतारमा बनाइएको हो। त्यसको बनोट वा संयोजन मिलेको छैन। अहिलेको आवश्यकता भनेको सङ्ख्या बढाउने होइन, त्यही सात प्रदेश बनाउने र मन्त्रालय बनाउने हो। त्यसको प्रभावकारी संयोजन मिलाउनुपर्ने छ।

मैले गण्डकी प्रदेशमा हुँदाखेरी यही स्टाफ कलेजसँग लामो संवाद र छलफल गरेर त्यसको मयानेज गरेको थिएँ। हामीबीच नमिलेका कुराहरू जस्तोः मन्त्रालयको विषयमा नमिल्ने मन्त्रालय एकै ठाउँमा राखिएको छ। मन्त्रालय एकातिरको आँधी एकातिरको झलुङ्गो जस्तो भएको छ। मिल्दै नमिल्ने मन्त्रालय एकै ठाउँमा राखिएको छ।

उदाहरणका रूपमा भन्दा पानीसँग जोडिएको विषय सबै एकै ठाउँमा राख्नुपर्ने हुन्छ। सिँचाइ, खानेपानी, तालतलैया, जलविद्युत्लगायत पानीसँग सम्बन्धित विषयलाई एकै ठाउँमा राख्नुपर्ने हुन्छ। भौतिक पूर्वाधारअन्तर्गत त्यही अनुसार मिलाएर राखियो भने ठिक हुन्छ।

अर्को वन वातावरणसँग सम्बन्धित विषय वन वातावरणमा राख्नुपर्छ। पर्यटन, उद्योग र आपूर्ति यी सबै विषय मिल्ने गरी एकै ठाउँमा राख्नुपर्ने हुन्छ। बढीमा सात वटा नभए पाँच वा छ भए पनि हुन्छ। आन्तरिक मामिला मन्त्रालय मुख्यमन्त्रीको कार्यालयमा राख्नुपर्छ। त्यसो गर्दा प्रदेशको काम देखिन्छ। मुख्यमन्त्रीको कार्यालयमा प्रमुख सचिव र सचिव हुन्छन्। जुन नेपाल सरकारको सचिव सरहको विशेष श्रेणीको हुन्छ।

जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीसरह सहसचिव हुन्छ। जस्तो, सिनियर सहसचिव कास्की वा बागलुङमा जाँदा प्रदेशमा जुनियर सचिव गएका हुन्छन्। त्यसले नेतृत्वमा समस्या हुन्छ। आन्तरिक मामिलाका सचिवलाई प्रजिअसरह सहसचिवसँग समन्वय गर्न समस्या हुन्छ। यो शान्ति सुरक्षासँग पनि जोडिएको विषय पनि हो। देशको शान्ति सुरक्षा कायम गर्ने विषय प्रदेश सरकारको हो।

त्यसैले प्रदेशको प्रहरीलाई प्रदेशको एकल अधिकारभित्र रहनेगरी जिम्मेवारी दिनुपर्छ। भारतमा पनि त्यो अभ्यास छ। हामीले पनि त्यसै गरियो भने उत्तम अभ्यास हुन्छ। सामान्य प्रशासनको काम, सङ्घीय मामिलाको काम, प्रदेश मामिलाको काम र आन्तरिक मामिलाको काम मुख्यमन्त्रीको कार्यालयमा राखियो भने व्यवस्थित हुन्छ। त्यसो गर्दा मुख्यमन्त्रीको कार्यालयले पनि प्रभावकारी ढङ्गले काम गर्न सक्छ। बाँकी अरु विषय पनि मिलाउँदै जानुपर्छ जस्तो लाग्छ।

सङ्घीयता खारेज गर्दा द्वन्द्व सिर्जना हुन्छ। त्यसकारण सङ्घीयतालाई अझै प्रभावकारी बनाउँदै लैजानुपर्छ। सङ्घले मिलाउनुपर्ने, हामीले सोचिरहेको र प्रदेशले माग गरेको विषय सिटिइभिटी प्रदेशले सञ्चालन गर्न पाउनुपर्छ भन्ने छ। यो विषयमा म प्रदेशमा हुँदा लामो सङ्घर्ष गरेको छु। सिटिइभिटी जुनजुन प्रदेशमा छ त्यही राख्नुपर्छ भनेको थिएँ। सिटिइभिटी प्रदेशलाई दिएर सङ्घको समन्वयनमा काम गर्नुपर्छ। त्यसो गरियो भने प्रदेशले कुनै परम्परा स्थापन गरिरहनुपर्दैन। मैले यो कुरा राखेको थिएँ त्यतिबेला।

त्यो प्रदेशको उद्योग मन्त्रालयअन्तर्गत वा शिक्षा मन्त्रालयअन्तर्गत हुन्छ भनेको थिएँ। तर त्यसो हुनसकेन। विभिन्न विवाद हुँदाहुँदा त्यो अहिले सङ्घअन्तर्गत छ। तर त्यसको विकल्पमा प्रदेशले अरुनै संरचना खडा गरेको देखिन्छ। निर्वाचन र शासकीय स्वरूपमा सुधार गर्ने विषय राम्रो हो। यो बागमती प्रदेशले पनि भनेको छ। तर अहिले त्यतातिर गइयो भने हामी बरालिन्छौँ। अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (राप्रपा) लाई त्यही मुद्दा भएको छ। जनताले चुनेको प्रधामन्त्री र राष्ट्रपतिको ठाउँमा राजा भन्न थालेका छन् पूर्वराजा समर्थकहरूले।

संविधान बनाउने बेलामा यो विषयमा धेरै छलफल भएको थियो। म आफैँपनि प्रत्यक्ष प्रधानमन्त्री हुनुपर्छ भन्ने पक्षमा हो। राष्ट्रपति संवैधानिक हुनुपर्छ भनेको थिएँ। त्यतिबेला मेरो पार्टीले पनि त्यही भनेको थियो। नेपाली कांग्रेसलगायतका दलसँग छलफल हुँदा त्यसो हुन सकेन। हामी जुन राजनीतिक व्यवस्थामा छौँ, यस्तो व्यवस्थामा एकल 'पावर सेन्टर' बनाउँदा भोलिका दिनमा दुःखान्त दिन आउन सक्छ। हाम्रो 'नेशनल इन्टिग्रेटी'मा समस्या पैदा गर्नपनि सक्छ। जनताबाट प्रत्यक्ष निर्वाचित भएकालाई हटाउँनै सकिँदैन। पाँचको लागि एउटैले शासन गर्छ। तर त्यसलाई दाँयाबाँयाकाले जेजे भन्यो त्यहीत्यही परिस्थिति बन्यो भने मुलुकको स्वाधिनता सङ्कटमा पर्छ। यही सोचेर हामीले संसदीय शासन प्रणालीमा जाने भनेको हो। प्रधानन्त्री संसद्ले छान्ने भनेको हो।

प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुने, जनताप्रति उत्तरदायी हुने, संसद् जनताप्रति उत्तरदायी हुने भनिएको हो। राष्ट्रपति संवैधानिक बनाउनुपर्छ ताकि राष्ट्रिय स्वाधिनता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता वा कुनैपनि विषयमा डगमगाउने परिस्थिति बन्यो भने अर्कोले कही न कही जाँच्न सकोस्। यो अवधारणामा भएको हो भन्ने कुरा हामी सबैले बुझ्न सक्नुपर्छ। उद्यमी राष्ट्रपति प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्छ भन्ने माओवादीको जोडदार माग थियो। त्यो आफैँमा हेर्दा राम्रो, स्थिरता दिने खालको भएपनि त्यसले निम्त्याउने समस्या छुट्टै छन्।

प्रत्यक्ष राष्ट्रपतीय प्रणालीले ल्याउने दुःखत घटना केके हन्छन् भन्ने हेरेर अहिलेको व्यवस्था बनाएको हो। त्यसैले अहिलेनै शासन प्रणालीलाई परिवर्तन गर्ने बेला भइसकेको छैन। कम्तीमा पाँच/दश वर्ष यही प्रणाली अपनाएर आएका छौँ। अझै केही वर्ष यही प्रणालीलाई इमान्दारिताका साथ कार्यान्वयन गरौँ। यही प्रणालीले धेरै कुरा दिनसक्छ भन्ने मेरो बुझाइ हो।

विसं २०७४ को चुनावमा म र शङ्कर पोखरेलले सल्लाह गरेरै हामी प्रदेशमा गएको हो। हामीले पार्टीभित्र माथिल्लो तहको नेता प्रदेशमा जाने छलफल चलाएको हो। त्यसो गर्दा प्रदेशको गरिमा बढ्छ। त्यसले राष्ट्रिय राजनीतिमा केही न केही प्रभाव पार्न सक्छ। त्यसो गर्दा प्रदेश सरकारले सङ्घीय सरकारसँग सिधैँ कुरा गर्न सक्छ। माथिल्लो तहका नेता प्रदेशमा जाँदा सङ्घीयता कार्यान्वयनलाई पनि सहयोग पुग्न सक्छ। अहिले प्रदेशको मुख्यमन्त्री पार्टीको जुनियर नेता भएको छ। तर माथिल्लो तहका नेता प्रदेशमा जाँदा प्रदेशको महत्व अझै बढेर जाने थियो। त्यो काम कांग्रेस र माओवादीले पनि गरेन। त्यसले गर्दा सङ्घीयताप्रति जनताको आकर्षणपनि घटेको छ जस्तो लागेको छ। त्यस कारण सबै पार्टीमा सङ्घीयतालाई अझै बलियो बनाउने सवालमा सबै कार्यकर्ताले आफ्नो पार्टीको नेतृत्व तहमा भन्न सक्नुपर्छ। बाहिरबाट प्रधानमन्त्री केपी शर्मा ओली, अध्यक्ष पुष्पकमल दाहाल, सभापति शेरबहादुर देउवालाई गाली गरेर कुनै फाइदा छैन।

म प्रदेशको मुख्यमन्त्री हुँदा सङ्घीयता कार्यान्वयन गर्ने सवालमा सत्तापक्ष र प्रतिपक्षबीच कुनै मतभेद थिएन। गण्डकी प्रदेश सरकारले गरेको काम प्रतिपक्ष दलले बढी प्रचार गर्ने गरेको थियो। तर प्रदेश सरकारले पनि देखिने गरी काम गर्नुपर्ने हुन्छ। निश्चित लक्ष्यका साथ काम गर्नुपर्छ। मैले यो वर्षभित्र यत्ति काम गर्छु भन्ने लक्ष्य हुनुपऱ्यो। तर त्यस्तो देखिँदैन अहिले। प्रदेश सरकारले योजना बनाउँदा अघिल्लो सरकारले बनाएका योजना फालिहाल्ने होइन। राम्रो छ, भने त्यसैलाई निरन्तरता दिन पनि सकिन्छ। सरकार भनेको स्थायी संरचना हो। त्यसको व्यक्ति मात्रै परिवर्तन हुने हो। यसको आवास जनतालाई नदिएरै व्यवस्थामाथि प्रश्न उठिरहेको छ। माथि सङ्घमा पनि त्यही समस्या छ।

शासन प्रणालीको बारेमा हामीले संविधानमा जे व्यवस्थालाई सफल बनाउन पहिला जोड गरौँ। अहिलेको व्यवस्था संवैधानिक प्रबन्ध हो, कानुनी प्रबन्ध होइन। एउटा 'अन्तर प्रदेश परिषद्' भन्ने छ। प्रधानमन्त्री त्यसको अध्यक्ष हुनुहुन्छ। सातै प्रदेशका मुख्यमन्त्री, गृहमन्त्री, अर्थमन्त्री, सङ्घीय मामिलामन्त्रीलगायत ११ जनाको परिषद् समिति हुन्छ। हाम्रो जोड सात वटै प्रदेश सरकारको जेजे समस्या उत्पन्न भएको छ, त्यो अन्तर प्रदेश परिषद्मा छलफल हुनुपऱ्यो।

राजनीति, विकास, प्रशासनिक, नीतिगतलगायत सबै समस्या परिषद्मै बसेर छलफल गर्नुपर्छ। प्रदेश प्रदेश बीचमा समस्या उत्पन्न भयो भनेपनि परिषद्भित्रै छलफल गर्ने हो। तर परिषद् चलाउनुपर्छ भनेर कसैले पनि भनेका छैनन्। त्यसैले पहिला हाम्रो जोड भनेको अन्तर प्रदेश परिषद्को सचिवालय बनाउनेतर्फ हुनुपऱ्यो। यो प्रधानमन्त्री कार्यालयको एउटा शाखालाई दिएर हुँदैन। परिषद्को छुट्टै सचिवालय बन्नुपर्छ। परिषद्को छुट्टै ऐन बन्नुपऱ्यो। त्यसको छुट्टै नियमावली हुनुपऱ्यो। ऐन र नियमावलीबाट परिषद् चल्नुपऱ्यो। नियमित रूपमा त्यसको बैठक तीन/तीन महिना वा चार महिनामा बस्ने कानुनी प्रबन्ध गर्नुपर्छ। अफ्ठ्यारो पर्दा तत्काल आकस्मिक बैठक बस्न सक्ने कुरा छदैँछ। परिषद्लाई नियमित रूपमा परिचालन गरेको खण्डमा प्रदेश र सङ्घीय सरकारबीचको अन्तरद्वन्द्व समाधान गर्न सकिन्छ। परिषद्लाई सक्रिया बनाएर सङ्घीय र प्रदेश सरकारबीचको सम्बन्धलाई अझै बलियो बनाउन पनि सकिन्छ।

त्यसैले सङ्घीयता कार्यान्वयनका लागि अन्तर प्रदेश परिषद्लाई सक्रिय बनाउनुपर्ने जरुरी छ। प्रदेशका मुख्यमन्त्री सङ्घीय सरकारसमक्ष आफ्ना कुरा राख्ने थलो भनेकै अन्तर प्रदेश परिषद् हो। परिषद्लाई कानुनसम्मत् र व्यवस्थित बनाउनुपर्ने जरुरी छ। तपाईंहरूले भनेको जस्तै नेताहरूको सङ्घीयता विरोधी मानसिकता अलिअलि हुनसक्ला। म सरकारको प्रवक्ताको हैसियतले पनि भन्दै छु कि स्थानीय, प्रदेश र सङ्घको अधिकार लगायतको विषयमा अझै व्यवस्थित गर्नुपर्ने छ। हामी त्यो योजनामा छौँ। समस्याहरू बल्झिँदै गएको छ। ती समस्याको समाधान गर्नुपर्ने छ। सङ्घीयतामाथि प्रश्न उठन थाल्यो। प्रदेश सरकारमाथि प्रश्न उठ्न थाल्यो। त्यस कारण परिषद्लाई व्यवस्थित गर्ने योजनामै छौँ हामी।

अर्को कुरा, 'राष्ट्रिय समन्वय परिषद्' भनेको संवैधानिक प्रबन्ध मात्रै हो, कानुनी प्रबन्ध होइन। अन्तर प्रदेश परिषद्मा सङ्घ र प्रदेश सरकारको मात्रै कुरा गर्न सकिन्छ। राष्ट्रिय समन्वय परिषद्बाट सङ्घ, प्रदेश र स्थानीयको समस्याबारे छलफल गर्न सकिन्छ। 'राष्ट्रिय समन्वय परिषद्' को बैठकमा गाउँपालिका राष्ट्रिय महासङ्घको प्रतिनिधि, नगरपालिका सङ्घको प्रतिनिधि, जिल्ला समन्वय समिति महासङ्घको प्रतिनिधि, प्रदेश सरकारको प्रतिनिधि र सङ्घीय सरकारको प्रतिनिधि बसेर छलफल गर्न सकिन्छ।

त्यसैले 'राष्ट्रिय समन्वय परिषद्'को माध्यमबाट तीनै तहको सरकारबीच गर्नुपर्ने समन्वयका कुरा, समाधान हुनुपर्ने विवादका कुरा अन्तरद्वन्द्व वा अन्तर विरोधका कुरालाई समाधान गर्नुपर्छ। तीनै तहको सरकारलाई व्यवस्थित गर्ने भनेरै 'राष्ट्रिय समन्वय परिषद्' को कुरा आएको हो। सङ्घीयता कार्यान्वयनका लागि अन्तर सरकारी समन्वय र त्यसलाई व्यवस्थापन गर्ने ऐन अत्यन्त जरुरी छ। यसैलाई अझै व्यवस्थित गर्ने अर्को ऐन अन्तर सरकारी वित्त ऐन पनि छ।

हाम्रोमा वित्तीय सङ्घीयता कमजोर छ। वित्तीय सङ्घीयता किन कमजोर भयो भन्ने प्रश्न पनि आउँछ। संविधान जारी हुनुभन्दा पहिला दुई तहको सरकारको बारेमा मात्रै कुरा उठेको थियो। यद्दपी तीन तहको सरकार बन्यो। तर दुई तहको सरकारबारे छलफल हुँदा हामीले अर्जेन्टिनाको कुरा उठाएका थियौँ। जहा ९८ प्रतिशत अधिकार प्रदेशलाई दिइएको छ। अर्जेटिनामा राजस्व उठाउने अधिकार सबै प्रदेशलाई दिएको छ। सङ्घीय सरकारलाई राजस्व उठाउने अधिकार दुई प्रतिशत मात्रै छ। सुरुमा हामीले पनि तल्लो तहको सरकारलाई अधिकार दिने विषयमा छलफल चलाएका थियौँ। तर पछि छलफल चलाउँदै जाँदा हाम्रो सङ्घीयता कसरी बन्छ भन्ने कुरा भयो।

हाम्रो देशको सङ्घीयता पहिचानमा आधारित सिद्धान्तमा बनाउँछौँ कि वा सामर्थ्यमा आधारित सङ्घीयता बनाउँछौँ भन्ने भयो। छलफलबाट सामाजिक द्वन्द्वको समाधान गर्ने गरी कही न कही पहिचानलाई पनि सम्बोधन गर्ने अहिलेको सङ्घीयता आएको हो। हामीले पहिचानको पाँच आधार र सामर्थ्यको चार आधारमा प्रदेशको संरचना बनाएको हो।

छलफलमा भूराजनीतिक अवस्थामा ध्यान जाँदा नेपालको राजतन्त्र, बहुदलिय व्यवस्था वा एकात्मक राज्यले थोपरेको जे समस्या, विकासको असामनतालगायत सबै पक्षलाई हेरेर प्रदेश निर्धारण गरिएको हो। प्रदेश सरकारलाई वित्तीय अधिकार दिने विषयमा पनि छलफल भएको हो। राजस्व उठाउने विषयमा कुरामा छलफल भएको थियो। विभिन्न जिल्लासँग जोडिएको नाकाको पनि कुरा थियो। हाम्रो भाषामा बडा भन्सार होइन, छोटी भन्सारको पनि समस्या हुने थियो। त्यसैले सबै अधिकार तल्लो सरकारलाई दिँदा पनि समस्या हुने देखियो। त्यसैले प्रदेशलाई वित्तीय अधिकार दिँदा असमानतामाथि झन असमानता हुने भएपछि त्यसो नगरेको हो।

त्यसैले राजस्व लगायतका स्रोत केन्द्रमै राख्ने गरिएको हो। सबै स्रोत केन्द्रमा राख्दा कम्तीमा धनी गरिब हेरेर काम गरेको हुन्छ। मानव विकास सूचनाङ्क हेरेर केन्द्रीय सरकारले काम गरेको हुन्छ। त्यो आधारमा सङ्घमा बढी अधिकारको कुरा आएको हो। सङ्घीय शासन प्रणाली भनेको असमानताको अन्त्य हो। सङ्घीयताको समानताको अभ्यास हो। असमानताको अन्त्य गर्नका लागि सङ्घीय प्रणाली नै उपयुक्त हो। त्यस कारणले हाम्रो वित्तीय सङ्घीयता धेरै कमजोर हुन गएको हो।

वित्तीय सङ्घीयता धेरै कमजोर भएपछि आइपरेका समस्या कसरी समाधान गर्ने भन्ने विषयमा सङ्घ, प्रदेश र स्थानीय सरकारले धेरै सोच्नुपर्ने हुन्छ। यसबारेमा साझा सहमति निकाल्नुपर्छ। जुन कुरा हाम्रोमा हुन सकेको छैन। त्यस कारण वित्तीय सङ्घीयताको बारेमा जेजे कुरा उठेको छ। त्यो ठिकै हो। तर प्रदेश कम्तीमा अलिअति काम गर्नुपर्छ। विसं २०७४ देखि विसं २०७५ सम्म पाँच महिनासम्म हामीले अघिल्लो वर्षको रु एक अर्ब दुई करोडको बजेटमा चलेको हो। त्यही वर्ष एक अर्बको प्रदेशको मन्त्रालय बनाएको भए पनि हुने थियो। त्यो कुरामा मलाई प्रस्ताव छ। त्यतिबेला मलाई बुद्धि नै आएन। गर्ने भन्दाभन्दै त्यत्तिकै भयो। त्यसपछि अर्को नयाँ बजेट ल्याउन परिहाल्यो।

पहिलो बजेट कार्यान्वयनमा गएको छैन। अर्को बजेट आइहाल्यो। त्यस कारण प्रदेश आफैँले पनि पहलकदमी लिनुपर्छ। विद्युत् उत्पादनका सम्बन्धमा एक मेगावाट स्थानीय तहलाई र पाँच मेगावाट मानगरपालिकालाई दिनुपर्छ भनेका थियौँ। हामीले कम्तीमा एक सय मेगावाट प्रदेशलाई दिनुपर्छ भनेर मागेको हो। सङ्घले २५ मेगावाट भन्यो। पच्चिस मेगावाटसम्मको बिजुली प्रदेशले गर्ने भनियो। त्यसको दर्ता गर्ने कुरा, उत्पादन गर्ने कुरा। ट्रान्समिसन लाइन उत्पादन गर्ने कुरा, त्यसको सबै रोयल्टी लिने कुरा प्रदेशको हो।

प्रदेशले आफ्नो आम्दानी बढाउने हो भने २५ मेगावाटसम्मको जलविद्युत् आयोजना नेपाल विद्युत् प्राधिकरणबाट खोजेर ल्याउने कुरामा हामी आफैँले पहल गर्नुपऱ्यो। त्यसको लागि प्रदेश सरकारले ऐन बनाउनुपर्छ। त्यससम्बन्धी ऐन कुनैपनि प्रदेश सरकारले बनाएको देखिँदैन। प्रदेशले आफ्नो आम्दानी खोज्ने काम गर्नुपऱ्यो। प्रदेशले कम्तीमा १० वा १५ वाटको बिजुली चलाउनुपर्छ। त्यसको लागि आफैँले पहल गर्ने हो। सोका लागि हाइड्रो प्रोजेक्ट वा सोलार प्रोजेक्ट हुनसक्छ। त्यो सबै आम्दानी प्रदेशलाई हुन्छ।

प्रदेशको आम्दानी बढाउन धेरै काम गर्न सक्ने सम्भावना छ। प्रदेश सरकार आफैँले उद्योग, होटलहरू सञ्चालन गर्न सक्छन्। सङ्घले नदेखेका धेरै काम प्रदेश सरकारले गर्न सक्छ। सङ्घसँग समन्वय गरेर प्रदेशले आम्दानी बढाउन सक्ने धेरै कुरा छन्। प्रदेशको आम्दानी बढाउने कुरामा कहीँ कतैबाट पहल भएकै छैन। त्यस कारण मैले प्रदेश विकास प्राधिकरण गर्न खोजेको हो।

प्राधिकरणले तीन वटा काम गरोस् भन्ने थियो। त्यो प्राधिकरणमा तीन जना भन्दा बढी कर्मचारी नराख्ने भन्ने थियो। प्राधिकरणले निजी क्षेत्रमा लगानीका बारेमा, अर्को प्रदेशभरी हुने सबै कामको समन्वय गर्ने र जलविद्युत् उत्पादन कसरी गर्ने भनेर अनुगमन वा अध्ययन गर्न सक्छ। प्राधिकरणले त्यहीअनुसार जलविद्युत् ऐन बनाएर काम गर्न

***बाँकी तीन पृष्ठमा***


**भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

# Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
– CC Camera को निगरानीमा पठनपाठन गराइने।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

# राजस्व अनुसन्धान विभाग खारेज गर्न सिफारिस

काठमाडौँ, २९ चैत (रासस) ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले राजस्व अनुसन्धान विभाग खारेज गर्न सरकारलाई सिफारिस गरेको छ ।

आयोगले शुक्रबार उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सुझाव प्रतिवेदन पेस गर्दै राजस्व प्रणाली सुधारका लागि विभागको खारेजीलगायत सिफारिस गरेको हो । "राजस्व न्यायाधिकरणको संरचना सुधार गरी स्तर बढाउनुपर्ने र कर अनुसन्धानका लागि अन्य निकाय पनि रहेको सन्दर्भमा राजस्व अनुसन्धान विभाग खारेज गरी अन्य निकायको क्षमता अभिवृद्धि गरिनुपर्दछ", आयोगको प्रतिवेदनमा भनिएको छ ।

विद्यमान आयकर ऐनको दफा १०१ को व्यवस्थाअनुसार कर परीक्षण गर्नसक्ने हालको अवधि चार वर्षबाट घटाएर तीन वर्ष कायम गर्न आयोगले सुझाव दिएको छ ।

यस्तै, ठूला व्यावसायिक तथा बहुतले भवन निर्माणलाई प्रोत्साहन गर्न एकीकृत सम्पत्ति करमा केही छुट दिने व्यवस्था हुनु उपयुक्त हुने प्रतिवेदनमा उल्लेख छ । नियोजित कर छलीबाहेकको सामान्य त्रुटि र भुलमा लाग्दै आएको आयकर ऐनको दफा १२० अनुसारको जरिवाना रकम ५० प्रतिशतले कम गर्नुपर्ने, नियमित एवम् पारिवारिक कारण वा मृत्युपश्चात्को सेयर दाखिला खारेज तथा नामसारीको हकमा आयकर ऐनको दफा ५७ आकर्षित नहुने व्यवस्था गर्ने तथा ऐनको दफा ५७ लाई असल अन्तरराष्ट्रिय अभ्यासबमोजिम हुने गरी परिमार्जन गरिनुपर्ने आयोगको सुझाव छ ।

यस्तै, यथार्थ आम्दानी नै नभएको अवस्थामा आयकर लगाउनु असल अभ्यास नभएकाले आयकर ऐनको दफा ९५ (क) को व्यवस्था पूरै हटाउन भनिएको छ । विद्युतीय भुक्तानीमा लाग्ने मूल्य अभिवृद्धि कर रू पाँच हजारसम्मको भुक्तानीमा नलाग्ने व्यवस्था गरिनुपर्ने आयोगको सुझाव छ । कर कानुन तथा नियम भूतप्रभावी ढङ्गले नलगाउने, स्थानीय तहमा तिर्ने कर पनि स्थायी लेखा नम्बर (प्यान) सँग आवद्धता गर्ने, निर्यातमा हुने आयमा १० प्रतिशत मात्र आयकर लगाउने, कर मुद्दा तथा विवाद समयमा नै सल्टाउनेलगायत सुझाव आयोगबाट दिइएका छन् ।

यस्तै, विषयगत कानुनले तोकेका कर सुविधा आर्थिक ऐनले स्वत: अवलम्बनको व्यवस्था गर्ने, मूल्य अभिवृद्धि कर ऐनमा कर छलिविरुद्धको सामान्य नियम (जेनेरल एन्टी अभोइडेन्स रुल्स)सम्बन्धी प्रावधान थप गर्ने, अन्त:शुल्क लाग्ने वस्तुको सङ्ख्या क्रमश: घटाउँदै जनस्वास्थ्य र पर्यावरणमा दुष्प्रभाव पर्ने वस्तुमा मात्र सीमित गर्नेलगायत विषय प्रतिवेदनमा अटाएका छन् ।

करका दर अहिले नै उच्च रहेका सन्दर्भमा गैर कर राजस्व बढाउने रणनीति लिनुपर्ने प्रतिवेदनको निष्कर्ष छ । यस्तै, सरकारको स्वामित्वमा रहेका संस्थानलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी निजी क्षेत्रलाई सेयर बिक्री गर्ने सुझाव पनि आयोगले दिएको छ । यसले पुँजी बजारको विकासमा पनि सहयोग पुर्‍याउने र निजी क्षेत्र पनि संस्थानको व्यवस्थापनमा संलग्न हुँदा यी संस्थाको व्यवस्थापकीय क्षमता सुधार हुने अपेक्षा गरिएको छ ।

# पाँच वटा सार्वजनिक संस्थान खारेज गर्न सिफारिस

काठमाडौँ, २९ चैत (रासस) ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले जनकपुर चुरोट कारखानासहित पाँच वटा सार्वजनिक संस्थान खारेज गर्न सरकारलाई सिफारिस गरेको छ । आयोगले शुक्रबार सरकारलाई प्रतिवेदन पेस गर्दै व्यवसाय सञ्चालन गर्न नसकेका पाँचवटा सार्वजनिक संस्थान खारेज गर्नुपर्ने सुझाव दिएको हो ।

जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इन्जिनियरिङ कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रालिलाई खारेजीको सिफारिस गरेको हो । यी संस्थानहरू सञ्चालनमा आउन नसक्ने होभने खारेज गरी तिनीहरूका नाममा रहेको अचल सम्पत्ति सरकारको नाममा ल्याई व्यवस्थापन गरिनुपर्ने र यस्ता संस्थाको अचल सम्पत्ति अन्य उत्पादनशील प्रयोगमा ल्याउनुपर्ने आयोगको सुझाव छ ।

हेटौँडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (डिडिए) गरेर गाभ्ने र सरकारको केही हिस्सामात्र राखेर बाँकी निजी क्षेत्रलाई सेयर बिक्री गर्नुपर्ने सुझाव पनि आयोगले दिएको छ ।

नेपाल वायुसेवा निगमको पुनर्संरचना गरी बाह्य रणनीतिक साझेदार भित्र्याएर व्यावसायिक ढङ्गले व्यवस्थापन गरिनुपर्ने आयोगको प्रतिवेदनमा उल्लेख छ । निगमलाई व्यावसायिक बनाउन केही समयका लागि विदेशी व्यवस्थापनलाई दिनु उपयुक्त हुने जनाइएको छ ।

त्यस्तै, दुग्ध विकास संस्थानलाई सात प्रदेशमा रहने गरी प्रदेश सरकारको सार्वजनिक संस्थानका रूपमा परिणत गर्न सिफारिस गरिएको छ । सार्वजनिक संस्थानमा राजनीतिक हस्तक्षेप नगरी व्यावसायिक ढङ्गले सञ्चालन गर्न विद्यमान कम्पनी ऐनमा संशोधन, सरकारको एकल स्वामित्वमा रहेका पब्लिक लिमिटेड कम्पनीका रूपमा होल्डिङ कम्पनी रहन सक्ने व्यवस्था, सबै सार्वजनिक संस्थानको समयमा लेखा परीक्षणलगायतका सुझाव आयोगमार्फत आएका छन् ।

कार्यसम्पादन सूचकहरू दिएर सार्वजनिक संस्थानहरूमा क्षमतावान व्यक्तिहरू नियुक्ति गर्ने र व्यावसायिक ढङ्गले सञ्चालन गर्न सक्ने गरी स्वायतता प्रदान गर्ने व्यवस्था मिलाउन पनि सरकारलाई सिफारिस आएको छ ।

सार्वजनिक संस्थानहरूलाई पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरी सर्वसाधारणलाई सेयर बिक्री गर्ने र बण्ड जारी गरेर लगानीको लागि पुँजी परिचालन गर्न सक्ने व्यवस्था मिलाइनुपर्ने प्रतिवेदनमा उल्लेख छ । सार्वजनिक संस्थानहरूमा कर्माचारीको तलब वा अन्य खर्च भुक्तानी गर्नका लागि ऋण दिन बन्द गरिनुपर्ने पनि आयोगको सुझाव छ ।

## 'सङ्घीयतालाई ...

सक्छ । त्यसो गरेको खण्डमा प्रदेशले आफ्नो आम्दानी बढाउन सक्छ । प्राधिकरणसँग जोडेर विपत् व्यवस्थापनको बेला प्रदेशले अत्यन्त महत्वपूर्ण गौरवको आयोजना चलाउन सक्छ ।

अहिलेको सार्वजनिक खरिद ऐनले बाधा पुर्‍याएर काम गर्न सक्ने वातावरण भएन भने तत्काल हामीले ऋृण तिर्नुपर्ने भयो भने, उद्दार गर्नुपर्‍यो, पुल बनाइहाल्नु पर्‍यो भने काम गर्न सकिन्छ । त्यसो गर्न सकेको खण्डमा प्रदेशको औँचित्य पुष्टि हुने थियो । प्रदेशले एक महिनाभित्र यो योजना बनाइहाल्नुपर्छ । त्यस कारण प्रदेशको कामलाई प्रभावकारी बनाउनेबारे सोच्ने हामीलाई फुर्सद नै भएन । त्यस्तो अहिले देखिएको छ ।

त्यसकारण प्रदेश सरकारले योजना बनाएर अघि बढ्नुपर्छ जस्तो लाग्छ मलाई । हामीले हाम्रो मानसिकता परिवर्तन गरेर काम गर्नुपर्छ । हाम्रो कर्मचारी, मन्त्री सबैको मानसिकता परिवर्तन गर्नुपर्ने हुन्छ । गाली गरेर मात्रै समस्याको समाधान हुँदैन । जहाँ छौँ त्यहीदेखि पहल गर्नुपर्छ हामीले । पहिला प्रदेशले आफ्नो अधिकार के हो भन्ने कुरामा प्रदेश प्रस्ट हुनुपर्छ ।

प्रदेशले पर्यटनसम्बन्धी ठूलो ठूलो काम गर्न सक्छ । तर तत्परता नै छैन । संरक्षित निकुञ्जको क्षेत्रमा काम गर्न सक्छ प्रदेशले । राष्ट्रिय पार्क प्रदेशमा पर्छ । ढोरपाटन सिद्धार्थ आरक्षण, विभिन्न निकुञ्ज र ठूलोठूलो तालतलैयामा प्रदेश सरकारले काम गर्न सक्छ । यो एउटै प्रदेशमा नभएर दुई-तीन वटा प्रदेशमा फैँलिएको छ भने संरक्षित क्षेत्र सङ्घ सरकारको भनेको छ । र सङ्घ सरकारले राष्ट्रिय वन जति सबै प्रदेश सरकारको भनेको छ । प्रदेश सरकारको एकल अधिकारको सूचीभित्र छ ।

तर म प्रदेशमा हुँदा सङ्घले राष्ट्रिय वन प्रादेशिक वन भनेर संविधान विरोधी कानुन बनाएर पठायो । वन ऐन संविधान विपरीत थियो । संविधानले सङ्घीय सरकालाई राष्ट्रिय वन उसको अधिकारभित्र छैन । हाम्रो मानसिकता भनेको आफूले मात्रै गर्न सक्छु अरुले गर्न सक्दैन भन्ने छ । प्रदेशले आफ्नो अधिकार लिन अरुको अधिकार खोसेर कानुन बनाउन हुँदैन । यस विषयमा सबैले ध्यान दिनुपर्छ । त्यस्तो कुरालाई हामीले माथिबाट रोक्ने प्रयत्न गरिरहेका छौँ । एकल अधिकारभित्र भएको सूचीलाई हामीले कानुन बनाइहाल्नुपर्छ । अहिलेसम्म प्रदेश अनुसन्धान ब्यूरोको कानुन बन्न सकेको छैन । त्यो एकल अधिकारको सूचीभित्र थियो ।

हामीलाई २२/२३ वटा मन्त्रालय हामीलाई चाहिएको छैन । जनतालाई आकर्षण गर्नेगरी प्रदेश सरकारले राम्रो काम गरेको छ भन्ने सन्देश दिनुपर्छ । अब मन्त्रालयको सङ्ख्या घटाउनुपर्छ । हामीलाई १२ देखि १५ वटा मन्त्रालय भए पुग्छ भनेको हो । त्यसको लागि कांग्रेस, एमाले, माओवादीलगायत दलबीच सहमति हुनुपर्छ । प्रदेश र सङ्घको मन्त्रालयको सङ्ख्या घटाएर जनतालाई सन्देश पनि दिनुपर्छ । जनताले एउटा राजाको ठाउँमा हजारौँ राजा भए भनेर भनेका छन् ।

मन्त्री र सांसद धेरै भयो भनेर जनता कराइरहेका छन् । मन्त्रीको संस्था घटाउँदा जनतालाई खुसी बनाउन पनि सकिन्छ । हामी त्यतातिर जाने प्रयत्न गर्दैछौँ । त्यसमा सबै कुरा नकारात्मक मात्रै पनि हुँदैन । सकारात्मक पनि लिनुपर्छ । सङ्घमा थुप्रिएका कर्मचारीलाई व्यवस्था गर्नुपर्ने छ । उनीहरू सङ्घ, प्रदेश वा स्थानीय सरकार जहाँ गए पनि सरकारको कर्मचारी हो भन्ने कुराको सुनिश्चित गर्न सकिएको छैन ।

स्थानीय तह, प्रदेश सरकार वा सङ्घ सरकार सबै नेपाल सरकार हो भन्ने बुझ्नुपर्छ हामीले । अहिले सबै कर्मचारीको चाहना सङ्घ सरकारको मातहतमा बस्न पाए हुन्थ्यो भन्ने छ । त्यो सङ्ख्या एक लाखभन्दा बढी छ । यसलाई मिलाउन सकेको खण्डमा सुशासन कायम होला जस्तो लाग्छ । सङ्घमा परराष्ट्र र रक्षासँग जोडिएको कुरा घट्दैन । महत्वपूर्ण कायम राखेर अन्य विकासे अड्डा हटाउनुपर्ने हुन्छ । तर यसको लागि समय चाहिन्छ । प्रशासनिक सङ्घीयतालाई कसरी प्रभावकारी बनाउने भन्ने कुरामा पनि छलफल गर्नुपर्ने छ । सबैभन्दा ठूलो समस्या प्रशासनिक सङ्घीयतामा देखिएको छ । यसलाई बलियो बनाउन पहिला मन्त्रालयको सङ्ख्या घटाउनुपर्छ ।

अर्को कर्मचारीको ठिक ढङ्गले व्यवस्थापन गर्नुपर्छ । सुशासन भन्ने वित्तिकै तीनै तहका सरकारको समन्वय र सहकार्य हो । सुशासन सङ्घीय सरकारले मात्रै गरेर हुँदैन । प्रदेश र स्थानीय सरकारले पनि गर्नुपर्छ । सात सय ५३ वटा स्थानीय तहले सुशासन कायम गर्न सकेन भने मुलुकमा सुशासन हुँदैन । जनताको सबैभन्दा नजिक भएको सरकार स्थानीय सरकारले सुशासन दिन सकेन भने जनतालाई सुशासन भएको अनुभूति नै हुँदैन । स्रोत साधनको विषयमा पनि हाम्रो खोजी भएको छैन ।

वन ऐन बनाउन सकेमा वन क्षेत्रबाट धेरै राजस्व उठाउन सकिन्छ । वन डिभिजन कार्यालय सबै प्रदेशको मातहतमा छन् । सबै वन डिभिजन कार्यालयले समन्वयन गर्ने हो । त्यसमा हामीले कर लगाएका छैनौँ । प्रदेशमा साना साना उद्योग पनि छन् । त्यसलाई व्यवस्थापन गर्न सकिएको छैन । प्रदेश र स्थानीय सरकारले आम्दानी स्रोत खोज्दै जाने हो ।

खनिज, माटो, ढुङ्गा खानी, फलाम खानी प्रदेश सरकारको आम्दानीको क्षेत्र हो । प्रदेश सरकारले पर्यटनको क्षेत्रमा पनि काम गर्न सक्छ । धेरैले अहिले कर तिरेकै छैन । त्यही अनुसारको कानुन बनाएर हामीले काम गर्न सक्नुपर्छ । आफ्नो सेना, प्रहरी र कर्मचारी नभएको सरकार बलियो हुँदैन भनेर बोल्ने व्यक्ति म नै हो । आफ्नो प्रहरी नहुँदाको समस्या मैले भोगेको छु ।

प्रदेश प्रहरी चौकी बनाउने प्रदेशसँग योजना हुनुपर्छ । त्यस्तो कुरा प्रदेश सरकारले आफ्नो क्षमता देखाउन जरुरी छ । त्यस कारण सङ्घीय सरकारका मन्त्रीलाई गाली गरेर केहीपनि हुँदैन । विकासको निम्ति पनि प्रदेश सरकारले राम्रो योजना बनाउनुपर्छ । कतिपय ठाउँका पालिकाले धेरै राम्रो काम गरेका छन् । प्रदेश सरकारले आफ्नो औचित्य पुष्टि गर्ने गरी काम गर्नुपर्ने हुन्छ । प्रदेश सरकार सामान्य विषयमा अड्किएर बस्नु हुँदैन ।

अर्को कुरा, प्रदेशको मन्त्रालयको विषयमा पनि कुरा उठिरेहको छ । पहिला सात प्रदेश भनेर गरियो । यद्यपी हाम्रो संविधानमा २० प्रतिशतको कुरा छ । सात जना मन्त्रीको कुरा छ । यद्यपी यो विषयमा पनि छलफल गर्नु जरुरी छ ।

# विश्व समाचार

## इजरायली नाकाबन्दीका कारण यूएन मिसनलाई गाजामा प्रवेशमा रोकावट

जेनेभा २९ चैत (रासस/क्यूएनए) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस एधानोम गेब्रेयससले गाजामा इजरायली नाकाबन्दीका कारण राष्ट्रसङ्घका ७५ प्रतिशत मिसनलाई गाजा प्रवेश गर्नबाट रोकिएको बताउनुभएको छ ।

जेनेभामा पत्रकार सम्मेलनमा बोल्दै डा टेड्रोसले मार्च २ देखि गाजामा इजरायलले लगाएको पूर्ण नाकाबन्दीले खाद्यान्न तथा चिकित्सालगायतका आधारभुत वस्तुको आपूर्तिसमेत रोकिएको बताउनुभएको छ ।

गत हप्तामा मात्रै संयुक्त राष्ट्रसङ्घका ७५ प्रतिशत मिसनहरू रोकिँदा भोक कुपोषण आश्रय  र पर्याप्त स्वास्थ्य सेवाको पहुँच अभावले रोग र मृत्युको जोखिम बढेको चेतावनी उहाँले दिनुभएको छ ।

उहाँले टेड्रोसले गाजाको स्वास्थ्य प्रणालीमा इजरायली आक्रमण जारी रहेको कुरामा जोड दिँदै सन् २०२३ अक्टोबर ७ देखि ४०० भन्दा बढी मानवतावादीहरू मृत्यु भएको बताउनुभएको छ ।

बढ्दो जोखिम र घट्दो आपूर्तिको बावजुद, गाजामा सहायता, स्वास्थ्य सेवा र निर्बाध मानवीय पहुँचका लगि तत्काल नाकाबन्दी हटाउन आह्वान गर्नुभयो ।

## असिना पानीका कारण २५ जनाको मृत्यु

नयाँदिल्ली २९ चैत (रासस/सिन्ह्वा) ।

भारतको पूर्वी राज्य बिहारका विभिन्न जिल्लाहरूमा बिहीबार असिना पानीका कारण २५ जनाको मृत्यु भएको बिहारको राज्य सरकारले जनाएको छ ।

बिहारका मुख्यमन्त्री नितिश कुमारले मृतकको परिवारलाई चार लाख भारतीय रुपैयाँ (चार हजार ६४९ अमेरिकी डलर) आर्थिक राहत दिने घोषणा गर्नुभएको छ ।

विगत दुई दिनदेखि बिहारमा पानीजन्य प्रकोपका कारण मृतुकको सङ्ख्या बढिरहेको सरकारले जनाएको छ ।

मौसम विभागले बिहारका १३ जिल्लामा मौसमसम्बन्धी जोखिमको चेतावनी जारी गर्दै आगामी दुई दिनसम्म सजग रहन स्थानीयहरूलाई निर्देशन जारी गरेको छ ।

## पानी विवादमा मेक्सिकोलाई भन्सार कर लगाउने ट्रम्पको धम्की

वासिङ्टन, २९ चैत (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार मेक्सिकोलाई विवादास्पद दशकौं पुरानो सन्धिअन्तर्गत टेक्सासलाई थप पानी उपलब्ध नगरेसम्म व्यापारमा 'बढ्दो परिणाम' हुने धम्की दिनुभएको छ ।

"मेक्सिकोले टेक्सासका किसानहरूबाट पानी चोरिरहेको छ र गत वर्ष पानीको अभावका कारण टेक्सासको एकमात्र चिनी मिल बन्द भयो", ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट गर्नुभयो ।

मेक्सिकोले सन् १९४४ को सम्झौता उल्लङ्घन गरिरहेको उहाँले दाबी गर्नुभयो । उक्त सन्धिअन्तर्गत संयुक्त राज्य अमेरिकाले कोलोराडो नदीबाट रियो ग्रान्डेबाट बग्ने पानीको बदलामा पानी बाँड्छ, जुन दुई देशबीचको सिमानाको हिस्सा हो ।

"मेक्सिकोले सन्धिको सम्मान नगरेसम्म हामी भन्सार कर र सम्भवत: प्रतिबन्धहरू सहितका परिणामहरू बढाइरहनेछौँ", ट्रम्पले लेख्नुभएको छ । दुई देशको सीमा र पानी आयोगका अनुसार वर्तमान सन्धि चक्र अक्टोबरमा समाप्त हुँदैछ र मेक्सिकोले संयुक्त राज्य अमेरिकालाई एक अर्ब ५५ करोड घनमिटरभन्दा बढी पानी दिनुपर्ने छ ।

मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले बिहीबार आफ्नो सरकारले चलिरहेको खडेरीको अवस्थामा 'पानीको उपलब्धताको हदसम्म' सन्धिको पालना गरिरहेको बताउनुभयो ।

आफ्नो सरकारले अमेरिकी विदेश मन्त्रालयलाई 'व्यापक प्रस्ताव' पठाएको उहाँले सोसल मिडिया प्लेटफर्म एक्समा एक पोस्टमा भन्नुभयो । "म विश्वस्त छु कि अन्य मामिलाहरूमा जस्तै एउटा सहमतिमा पुग्नेछ ।"

वासिङ्टनले मार्च २० मा मेक्सिकोले पहिलो पटक पानीको विशेष वितरणका लागि गरेको अनुरोधलाई अस्वीकार गरेको बताएको थियो । मेक्सिकोले रियो ग्रान्डे बेसिनमा दुई दशकको खडेरीका कारण आफ्नो डेलिभरी ढिलो भएको बताएको छ ।

यद्यपि अमेरिकी किसान र सांसदहरूले उनीहरूको दक्षिणी छिमेकीले प्रत्येक पाँच वर्षको वितरण चक्रको अन्त्यसम्म प्रतीक्षा गरेको र पछिल्लो अवधिमा छोटो भइरहेको गुनासो गरेका छन् ।

दुई देशले नोभेम्बरमा दक्षिणी अमेरिकी राज्यहरूमा पानीको अभाव रोक्ने उद्देश्यले मेक्सिकोबाट नदीको पानीको अधिक भरपर्दो वितरण गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए ।

सन्धिको पालना गर्ने मेक्सिकोको प्रयासले विगतमा नागरिक अशान्ति निम्त्याएको छ ।

सन् २०२० मा उत्तरी राज्य चिहुआहुआका किसानहरूले संयुक्त राज्य अमेरिकामा जलाशयबाट पानी आपूर्ति गर्नबाट सरकारलाई रोक्न बाँध कब्जा गरेका थिए, जसले प्रदर्शनकारीहरू र नेसनल गार्डबीच झडप हुँदा एक व्यक्तिको मृत्यु भएको थियो ।

# महासंघद्वारा निष्पक्ष र स्वतन्त्र छानवीनका लागि मानव अधिकार आयोगलाई लागि आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

नेपाल पत्रकार महासंघ सप्तरीले राष्ट्रिय मानव अधिकार आयोगलाई शुक्रबार निष्पक्ष र स्वतन्त्र छानवीनका लागि आग्रह गरेको छ ।

महासंघले चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घट्नामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा हनन् हुने गरी सञ्चार गृह र सञ्चारकर्मीमाथि आक्रमण भएको र पत्रकार सुरेश रजकलाई आगोमा जलाएर हत्या गरिएको घट्नाका सन्दर्भमा निष्पक्ष र स्वतन्त्र छानबिन गर्न जिल्ला प्रशासन कार्यालय सप्तरी मार्फत आग्रह गरेको हो ।

महासंघका अध्यक्ष श्रवणकुमार देवले दोषिमाथि कारबाही, मृतक पत्रकारका परिवार तथा क्षति पुगेको सञ्चारगृहलाई क्षतिपूर्ति, घाइते पत्रकारको निःशुल्क उपचार, सञ्चार गृह र सञ्चारकर्मीको सुरक्षाको प्रत्याभूति तथा विगतदेखि नै प्रेस स्वतन्त्रता हनन्०स्मा संलग्न रहेकाहरुलाई कानुनी कारबाहीको माग आयोगलाई आग्रह सहितको पत्र शुक्रबार पठाइएको जानकारी दिए ।

उनले यसअघि नेपाल सरकारलाई यही विषयमा ध्यानाकर्षण पत्र पठाइएको र सरकारले ती माग माग पूरा गर्नेतर्फ पहल नगरेकोले महासंघ आफ्ना माग पुरा गराउन दोश्रो चरणको आन्दोलन अन्तर्गत मानव अधिकार आयोगलाई पत्र मार्फत आग्रह गरिएको बताए ।

“यही सिलसिलाममा नेपाल पत्रकार महासंघ सप्तरी आयोगबाट माग पूरा गराउन सरकारको ध्यानाकर्षणका साथै घट्नाको निष्पक्ष र स्वतन्त्र छानबिन होस् भन्ने माननीय अध्यक्ष ज्यु समक्ष आग्रह गर्दछ” पठाईएको पत्रमा उल्लेख छ ।

# राष्ट्रिय मुक्ति पार्टीले स्थानिय तहमा संयोजक तोक्यो

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

राष्ट्रिय मुक्ति पार्टी नेपाल जिल्ला कार्यसमिति सप्तरीले संगठन विस्तार गर्दै स्थानिय तहमा संयोजक तोकेको छ ।

चैत २७ गते बसेको पार्टीको विस्तारित बैठकले जिल्लाको १८ वटै पालिकामा संगठन विस्तारका लागि पालिका संयोजक तोकेको हो ।

सप्तकोशी नगरपालिकाका संयोजकमा सिरज पोखरेल, कञ्चनरुप नगरपालिकामा रिता साह, अग्निसाइर कृष्णासवरण गाउँपालिकामा मञ्जु चौधरी, तिरहुत गाउँपालिकामा साधना विराजी र हनुमाननगर कंकालिनी नगरपालिकामा ललन मिश्रलाई संयोजक तोकिएको छ ।

यसैगरि तिलाठी कोइलाडी गाउँपालिकामा श्री शैशव राजु, महदेवा गाउँपालिकामा उपेन्द्र मण्डल, छिन्नमस्ता गाउँपालिकामा ज्योतिष मिश्र, राजविराज नगरपालिकामा जय प्रकाश सिंहलाई संयोजकको जिम्मेवारी दिइएको छ ।

त्यस्तै विष्णुपुर गाउँपालिकामा खेलानन्द साहु, रुपनी गाउँपालिकामा सि.एन. थारु, राजगढ गाउँपालिकामा दुनालाल ठाकुर, डाक्नेश्वरी नगरपालिकामा रुपेश साह र शम्भुनाथ नगरपालिकामा विष्णु प्रसाद गुप्ता लाई संयोजक बनाइएको छ ।

यसैगरि खडग नगरपालिकामा राज नारायण साह, बोदेबर्साइन नगरपालिकामा, अनिल यादव, सुरुङा नगरपालिकामा चन्द्रकान्त चौधरी र बलानविहुल गाउँपालिकामा रामसागर मण्डललाई संयोजक तोकिएको जिल्ला अध्यक्ष दिपेन्द्र कुमार चौधरीले जानकारी दिए ।

# कमिशन लिई योजनाहरु बिक्रि गरेको भन्दै सामाजिक विकास इकाई कार्यालय तालाबन्दी

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

उपभोक्ता समिति मार्फत विकास निर्माण कार्यका विभिन्न योजनाका लागि मधेश प्रदेश सरकारबाट पठाइएका चिठीहरु यहाँस्थित सामाजिक विकास इकाई कार्यालयबाट थोरै र अधिकांश चिठी जनकपुरमै कमिशन लिई बिक्रि गरेको भन्दै उक्त कार्यालयमा तालाबन्दी गरिएको छ ।

प्रदेश सांसद एवं पूर्व मन्त्री महेश प्रसाद यादवको अगुवाईमा शुक्रबार उक्त कार्यालयमा तालाबन्दी गरिएको हो । कार्यालयका कर्मचारीहरुलाई बाहिर निकालेर सांसद यादवको अगुवाईमा तालाबन्दी गरिएको हो ।

प्रदेश सांसद यादवले मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा सामाजिक विकास ईकाई कार्यालयमा पठाइएको विभिन्न योजनाका अधिकांश चिठी कार्यालय प्रमुख शुशिल झाले जनकपुरमै कमिशन लिई बिक्रि गरेको दाबी गरेका छन् ।

उनले प्रदेश सरकारबाट बुझेका योजनाका चिठीहरु कार्यालयबाट नभई बाटो बाटै बिक्रि गरिनु गलत भएको जिकिर गरे । उनले कार्यालय प्रमुखले बदमासी गर्ने तर योजना बिक्रिको आरोप सांसदहरुले खेप्नु परिरहेको भन्दै योजनाका चिठीहरु वितरण प्रक्रिया पारदर्शी र ऐन नियम अनुसार सम्बन्धीत कार्यालयबाटै हुनु पर्नेमा जोड समेत दिएका छन् ।

# सबै इमान्दार भए मात्रै राजविराज नगरपालिकाको विकास हुन्छ : वक्ताहरु

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

अबको राजविराज योजनावद्ध र दिगो विकास विषयमा संविधान सभा सदस्य रंजित कर्णले शुक्रबार आयोजना गरेको छलफल कार्यक्रममा बोल्दै बक्ताहरुले सबै सरोकारबाला इमान्दार भए मात्रै राजविराज नगरपालिकाको विकास हुनुपर्नेमा जोड दिइएको छ ।

मुलुककै पहिलो टाउन प्लानिङ शहर भएपनि जनप्रतिनिधि र सरोकारवाला गम्भीर बन्न नसक्दा नगरपालिका पछि पर्दै गएको बक्ताहरुको भनाई छ ।

कार्यक्रमका विज्ञ बक्ता शहरी विकास विज्ञ डा. किशोर कुमार झाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सडक राम्रो भए राजविराजको चाँडो विकास हुने बताए । उनले यसका निम्ति सबै इमान्दार बन्नुपर्ने बताए ।

प्रतिनिधि सभा सदस्य रन्जु ठाकुरले सबै एकजुट भए विकस सम्भव रहेको बताइन । उनले व्यक्तिगत स्वार्थ त्यागेर सबैलाई अघि बढ्न आग्रह गरिन ।

संविधान सभा सदस्य रन्जित कर्णले पदमा रहेकाहरुले कुनै काम गर्न नसक्दा राजविराज पछि पर्दै गएको बताए । 'अरुले पनि जिम्मेवारी बहन नगर्दा समस्या देखिएको छ' उनले भने ।

नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साहले भारतसँग यातायात जोड्न सकिए राजविराजको चाँडो विकास हुन सक्ने बताए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका सदस्य अरूण प्रधान, नेपाल राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष दिपेन्द्र चौधरी, नेपाल पत्रकार महासंघ, सप्तरीका अध्यक्ष श्रवण कुमार देव, राजविराज नगरपालिकाका पूव मेयर शैलेश चौधरी, नेपाली कांग्रेसका युवा नेता इर्साद अन्सारी, सामाजिक अभियन्ता ध्रुव देवसहितकाले मन्तव्य व्यक्त गरेका थिए ।

# एउटै वडामा भेटिए क्षयरोगका २५ सङ्क्रमित

जलेश्वर, २९ चैत (रासस) ।

महोत्तरीको बलवान नगरपालिकाको एउटै वडामा २५ जना क्षयरोगका सङ्क्रमित भेटिएका छन् । यहाँको वडा नं ११ धमौरा गाउँमा २५ जनामा क्षयरोगको सङ्क्रमण फेला परेको जनस्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मी प्रतिभा सिंहले जानकारी दिनुभयो ।

धमौरा स्वास्थ्यचौकी इन्चार्ज वीरेन्द्र महतोले यहाँ १७ देखि ७४ वर्ष उमेर समूहका व्यक्तिमा क्षयरोगको सङ्क्रमण देखिएको बताउनुभयो । उहाँका अनुसार सङ्क्रमितमध्ये ८० प्रतिशत स्थानीय मुसलिम समुदाय र बाँकी अन्य जातजातिका रहेका छन् ।

यस्तै, सङ्क्रमितमध्ये १२ जनाले हाल स्वास्थ्यचौकीको सम्पर्कमा रहेर औषधि सेवन गरिरहेका स्वास्थ्यचौकी ईन्चार्ज महतोले बताउनुभयो । स्थानीयले वडामा तत्काल बृहत् सचेतना अभियान सञ्चालन गरेर थप सङ्क्रमितको खोजतलाश गर्न र सङ्क्रमण फैलिन रोक्नुपर्ने माग गरेका छन् ।

क्षयरोग चुरोट, बिडी र धूमपान, धुँवाधुलो र खानपानको समस्याले हुने एक प्रकारको सरुवा रोग हो । यसको समयमै उपचार नभए एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दै भयावह रुप लिनसक्ने जनस्वास्थ्यकर्मीको भनाइ छ । नेपाल सरकारले यस रोगको औषधि निःशुल्क प्रदान गरिरहेको छ ।

# सामाजिक सञ्जालमार्फत चरित्रहत्या अभियोगमा पक्राउ

काठमाडौँ, २९ चैत (रासस) ।

सामाजिक सञ्जालमार्फत युवतीको चरित्रहत्या गरेको अभियोगमा ललितपुर महानगरपालिका वडा नं ४ का २४ वर्षीय आयुष अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ ।

सञ्जालमार्फत चिनजान भई प्रेम सम्बन्धमा रहेकी पीडित युवतीले आफ्नो प्रेमीलाई पठाएको गोप्य भिडियो सम्बन्ध छुटेपछि दुरूपयोग गरी पैसा माग्ने, आपत्तिजनक शब्द प्रयोग गरी शारीरिक सम्बन्ध राख्न बोलाउने र नआएमा उक्त भिडियो सामाजिक सञ्जालमा राख्ने भनी धम्की दिएको भन्ने उजुरीका आधारमा उनलाई साइबर ब्यूरोले पक्राउ गरेको हो ।

उनीमाथि विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौँबाट चार दिन म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको ब्यूरोले बिहीबार जनाएको छ ।

# ट्रकको ठक्करबाट साइकल यात्रीको मृत्यु

सर्लाही, २९ चैत (रासस) ।

जिल्लाको हरिपुर्वामा ट्रकको ठक्करबाट एक युवतीको मृत्यु भएको छभने एक जना घाइते भएकी छन् ।

शुक्रबार बाँके-सङ्ग्रामपुर खण्डअन्तर्गत हरिपुर्वा नगरपालिका-९ मिर्चैया बजारमा ना५ख ३८५८ नम्बरको ट्रकले साइकललाई ठक्कर दिँदा साइकलयात्री ईश्वरपुर नगरपालिका-१३ श्रीनगरका १७ वर्षीया अञ्जली महतोको घटनास्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राइले जानकारी दिनुभयो । उहाँका अनुसार सोही साइकलको पछाडि सवार १५ वर्षीया पूजाकुमारी महतो घाइते भएकी छन् ।

मृतक र घाइता प्रहरीले जनाएको हो । घाइते किशोरीको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको र मृतकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको पुनाउ राईले बताउनुभयो । प्रहरीले घटनामा संलग्न ट्रक र चालक हरिवन नगरपालिका-१० ताइवानका ३१ वर्षीय लक्ष्मण विश्वकर्मालाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको उहाँले जानकारी दिनुभयो ।

# कर्मचारीको अवकाश र ज्येष्ठ नागरिकको भत्ता पाउने उमेर बढाउन सुझाव

काठमाडौँ, २९ चैत (रासस) ।

सरकारी कर्मचारीको अनिवार्य अवकाश र ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता पाउने उमेर बढाउन उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सरकारलाई सिफारिस गरेको छ ।

कर्मचारीको अवकाश उमेर ५८ बाट बढाएर ६० र ज्येष्ठ नागरिकले भत्ता पाउने उमेर ६८ वर्षबाट बढाएर ७० वर्ष बनाउन तथा सामाजिक सुरक्षा भत्तामा साढे एक प्रतिशत कर लगाउन सकिने सुझाव दिइएको छ ।

आयोगले शुक्रबार आफ्नो प्रतिवेदन बुझाउँदै आगामी पाँच वर्षसम्म कुनै पनि प्रकारका सामाजिक भत्ता बढाउन नहुने सुझाव दिएको छ । “आगामी पाँच वर्ष सामाजिक सुरक्षा भत्ता वृद्धि नगर्ने र तत्पश्चात् मूल्यवृद्धिको आधारमा प्रत्येक दुई वर्षमा मात्र भत्ता वृद्धि गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ”, आयोगको प्रतिवेदनमा भनिएको छ, “सबै तलब तथा ज्याला भुक्तानीमा एक दशमलव पाँच प्रतिशत सामाजिक सुरक्षा कर लगाई सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने र अनौपचारिक क्षेत्रका कामदारलाई योगदानमा आध□ारित सामाजिक सुरक्षामा आबद्ध गर्ने व्यवस्था मिलाइनुपर्छ ।”

सामाजिक सुरक्षा ऐन, २०७५ ले समेटेका बाहेक अन्य कुनै पनि प्रकारका भत्ता बजेटमा घोषणा नगर्न पनि आयोगको सुझाव छ । यस्तै, सबै प्रकारका सामाजिक सुरक्षालाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी सामाजिक सुरक्षा उपलब्धताको एकीकृत तथ्याङ्क तयार गरिनुपर्ने प्रतिवेदनमा उल्लेख छ । प्रदेश र स्थानीय तहले प्रदान गर्ने सामाजिक सुरक्षाको एकीकृत तथ्याङ्क राख्ने, दोहोरो पर्नेगरी सामाजिक सुरक्षा उपलब्ध नगराउने र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सबै खालको सामाजिक सुरक्षाको एकीकृत तथ्याङ्क सङ्कलन एवं व्यवस्थापनको जिम्मेवारी दिइनुपर्ने सुझाव आयोगको छ ।

सामाजिक सुरक्षामा हुने कुल खर्च आगामी पाँच वर्ष कुल गार्हस्थ्य उत्पादनको चार प्रतिशत र सङ्घीय सरकारको कुल बजेटको १५ प्रतिशतभन्दा कम रहनेगरी व्यवस्थापन गर्न सरकारलाई सुझाव दिइएको छ । पाँच वर्षमुनिका बालबालिकालाई बालभत्ता हाल २५ जिल्लामा मात्र प्रदान गरिएकामा गरिब घरपरिवारहरूमा उपलब्ध हुनेगरी सबै जिल्लामा विस्तार गरिनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था वृद्धि गर्न सामाजिक सुरक्षा व्यवसाय र सङ्घसंस्थाहरूलाई उत्प्रेरित गर्ने, स्वास्थ्य बिमाको हालसम्मको सिर्जित दायित्व भुक्तानी गर्ने र स्वास्थ्य बिमाको बढ्दो भार सम्बोधन गर्न स्वास्थ्यमा हानि गर्ने सुर्ती, चुरोट, मदिरामा स्वास्थ्य कर लगाएर बिमा कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनुपर्ने सुझाव छ ।

मेडिकल शिक्षामा सरकारी कलेजहरूमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशतलाई पूर्ण छात्रवृत्ति गर्ने गरिएको विद्यमान व्यवस्थालाई परिमार्जन गरी २५ प्रतिशतलाई पूर्ण छात्रवृत्ति र अर्को २५ प्रतिशतलाई आंशिक छात्रवृत्तिको व्यवस्था ल्याइनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट परिचालित वित्तीय साधनलाई उच्च प्रतिफल दिने आयोजना लक्षित गरी लगानी गर्ने व्यवस्था गर्न सुझाव दिइएको छ ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*